आज मिति २०७८।०२।१७ गते जिल्ला न्यायाधिवक्ताको संयोजकत्वमा जिल्ला समन्वय समितिको बैठक बसि निम्न लिखित विषयहरुमा छलफल गरी निर्णय गरियो।

**उपस्थिति :**

१. संयोजक जिल्ला न्यायाधिवक्ता श्री केशवप्रसाद पन्त
२. सदस्य प्र.जि.अ. श्री गणेश आचार्य
३. सदस्य प्र.ना.उ. श्री हेरम्ब शर्मा
४. सदस्य सचिव श्री अनिल धामी

**आमन्त्रित :**

१. श्रेस्तेदार श्री कमलकुमार आचार्य
२. अध्यक्ष ( वार ईकाइ हुम्ला ) श्री मंगल शाही

**छलफलका विषयहरु :**

**प्रस्ताव नं. १ :** अनुसन्धान, अभियोजन र मुद्धा फर्छौटका सम्बन्धमा
**प्रस्ताव नं. २ :** कानूनको द्धन्दमा परेका वालक वालविज्याई कर्ता भएको मुद्धाका सम्बन्धमा
**प्रस्ताव नं. ३ :** पटके कसूरदार भएका मुद्धाका सम्बन्धमा
**प्रस्ताव नं. ४ :** प्रमाण संकलनका सम्बन्धमा
**प्रस्ताव नं. ५ :** विगो तथा क्षतिपूर्ति एकीन गर्ने सम्बन्धमा
**प्रस्ताव नं. ६ :** म्याद थप तथा मुद्धा फर्छौट सम्बन्धमा
**प्रस्ताव नं. ७ :** सरोकारवाला निकायसँग समन्वय गर्ने सम्बन्धमा

**निर्णयहरुः**

१. **प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा:** कोभिड - १९ महामारीको अवस्थामा नेपाल सरकारले निर्धारण गरेका स्वास्थ्य मापदण्डको पालन गर्दै मुद्दाको अनुसन्धान, अभियोजन र फर्छौट गर्ने, प्रतिवादी पक्राउ पर्नासाथ सर्वप्रथम कोभिड-१९ को परीक्षण गरेर मात्र म्याद थपमा लैजाने, सकेसम्म सानातिना कसूरहरुको अनुसन्धान गर्दा हाँजिरी जमानी वा धरौटमा राखी अनुसन्धान गर्ने, अनुसन्धान र अभियोजनलाई वस्तुनिष्ट तथा वैज्ञानिक बनाउन भौतिक प्रमाण संकलनमा बढी जोड दिने र सरोकारवाला निकायसँग हरदम समन्वय गर्ने निर्णय गरीयो।

२. **प्रस्ताव नं. २ का सम्बन्धमा छलफल गर्दा:** बालबालीकालाई वयान गर्दा गराउँदा वयानको सट्टा सोधपुछ , अपराधको सट्टा कसूरजन्य कार्य, हिरासतको सट्टा निगरानी कक्ष , पक्राउको सट्टा नियन्त्रणमा लिने र राय प्रतिवेदनको सट्टा अनुसन्धान प्रतिवेदन तयार गर्ने जस्ता शब्दहरुको प्रयोग गर्नुपर्ने तथा बालबालिका संलग्न कसूरमा बालबालिकाको उमेर खुल्ने प्रमाण मिसिल संलग्न राखि अनुसन्धान प्रारम्भ गर्ने, बालबालिका र महिला संलग्न कसूरमा निजहरु र निजका सरोकारवालाहरुको पनि परिचय गोप्य राख्ने, बालबालिका र वयस्क संलग्न भएको मुद्दामा छुट्टाछुटै मिसिल तयार गरी पेश गर्ने, बालबालिका संलग्न मुद्दाको फैसला कानूनले निर्धारण गरेकै समयमा गर्नको निम्ती आवश्यक सहयोग समन्वय गर्ने गराउने भनि निर्णय गरीयो।

Scanned with CamScanner

३. **प्रस्ताव नं. ३ का सम्बन्धमा छलफल गर्दा**: एउटै वारदातमा एक भन्दा बढी कसूर गरेको मुद्दामा एकीकृत कसूरको अभियोग दावी लिनुपर्ने र छुट्टाछुट्टै वारदातमा विभिन्न कसूर गरेको भएता पनि अदालतबाट कसूरदार ठहर नभएको अवस्थामा पटके कसूर नलिने भनि महान्यायाधिवक्ताको कार्यालयबाट परिपत्र भईसकेको सन्दर्भमा उक्त निर्णय कार्यान्वयन गर्ने भनि सर्वसम्मतबाट निर्णय गरियो ।

४. **प्रस्ताव नं. ४ का सम्बन्धमा छलफल गर्दा**: सकेसम्म भौतिक प्रमाणहरुबाट कसूर प्रमाणित गर्नु पर्ने हुँदा कसूरसँग सम्बन्धीत घटनास्थल मुचुल्कालाई वस्तुनिष्ठ बनाउने , दोहोरा घटनास्थल मुचुल्का नबनाउने , घटनास्थलको रेखा चित्रण समेत गरी घटनास्थल मुचुल्का तयार गर्ने , घटनास्थलमा पाईएका भौतिक चिज वस्तुहरुको यथाशिघ्र परीक्षण गराउने र परीक्षण प्रतिवेदन मिसिल सामेल राख्ने , दुविधाजनक हुने गरी परीक्षण प्रतिवेदन तयार नगर्ने नगराउने , वस्तुस्थिती मुचुल्का/घटनाको सम्बन्धमा जानकार व्यक्तिहरुलाई मात्र गराउने , झुठ्ठा कपोलकल्पित जाहेरी दरखास्त देखिएमा अविलम्ब तामेलिमा राख्ने प्रयोजनको निम्ती राय माग गर्ने , अधिकार क्षेत्र विहिन कसूरको जाहेरी दर्ता गरी दरपिट गरिदिने र सो को अभिलेख अभिलम्ब सरकारी वकील कार्यालयमा पठाई रित पूर्वको निर्णय निकासार्थ पठाउने, प्रमाणका आधारमा मात्र मुद्दाको चल्ने नचल्ने निर्णय गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

५. **प्रस्ताव नं. ५ का सम्बन्धमा छलफल गर्दा**: विगो र क्षतिपूर्तिका सम्बन्धमा धेरै जसो मुद्दामा यकिनसाथ राय प्राप्त भएको नदेखिदा अभियोजन कर्ताले मनासिव क्षतिपूर्ति भराई पाउन मागदावी गरेको देखिदा वस्तुनिष्ट रुपमा विगो र क्षतिपूर्तिको माग गर्न सकिएको छैन सो हुँदा सकेसम्म विगो र क्षतिपूर्ति यकिन गरी मिसिल सामेल गर्ने र सवारी ज्यान जस्ता मुद्दामा किरीया खर्च, घा खर्च र क्षतिपूर्ति अविलम्ब भराउन पर्ने हुँदा सो को निम्ती सकेसम्म चाँडो त्यसतर्फ कारबाही गर्ने निर्णय गरियो ।

६. **प्रस्ताव नं. ६ का सम्बन्धमा छलफल गर्दा**: पक्राउ अनुमति प्राप्त गरी प्रतिवादीलाई पक्राउ गरी सकेपछि बाटाको म्याद बाहेक २४ घण्टा भित्र अनुसन्धान कार्य सम्पन्न गर्न नसकिएको अवस्थामा के कुन कसूरमा के कुन अनुसन्धान गर्नुपर्ने हो आधार र कारण सहित म्याद थपको लागि अनुरोध गर्ने, पहिलो पटक म्याद थप गर्दा सकेसम्म मुद्दाको गाम्भीर्यता समेतलाई बिचार गरी थोरै समयावधीको लागि म्याद थप गर्ने, अनुसन्धान कार्य सम्पन्न भए पश्चात अभिलम्ब अनुसन्धान प्रतिवेदन पेश गर्ने, मुद्दा फर्छौटका सम्बन्धमा कानूनले निर्दिष्ट गरेको समय सिमा भित्र फर्छौट गर्न आवश्यक सहयोग र समन्वय गर्ने भनि निर्णय गरियो ।

७. **प्रस्ताव नं. ७ का सम्बन्धमा छलफल गर्दा**: स्थानिय निकाय, सरोकारवाला निकाय सँग अनुसन्धानलाई वस्तुनिष्ट बनाउन र न्याय सम्पादनलाई छिटो, छरितो, सहज बनाई न्याय सम्पादन गर्ने कार्यमा सहयोग गर्नुपर्ने हुँदा सरोकारवाला निकाय सँग समन्वय, सहकार्य गर्ने निर्णय गरीयो ।

अतः आउँदो असारको दोस्रो हप्ताको बुधबार समन्वय समितिको मिटीङ जिल्ला प्रहरी कार्यलय हुम्लामा गर्ने भनि बैठकको मिति तोकिएको छ ।

Scanned with CamScanner